लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

☎. 082590435
ईमेल:hd@lumbini.gov.np
web:www.hd.lumbini.gov.np

पत्र संख्या : ०८१/०८२
चलानी नं.:

मितिः २०८१/०७/२५

विषयः घर बहालमा लिने सम्बन्धी दोस्रो पटक प्रकाशित सूचना ।

प्रस्तूत विषयमा यस स्वास्थ्य निर्देशनालयको कार्यालय प्रयोजनका लागि राप्ती गाँउपालिका वडा नं १ राप्ती उपत्यका (देउखुरी) भालुवाङ्ग दाङमा तपसिल बमोजिमको मापदण्ड पुरा भएको घर बहालमा लिनु पर्ने भएको हुँदा, घर वहालमा उपलब्ध गराउन चाहनुहुने घर धनीहरुले, यो सूचना प्रकशित भएको मितिले १५(पन्ध्र) दिन भित्र आफ्नो जग्गा धनी प्रमाण पत्र/निर्माण समपन्न प्रतिवेदन र घर धनीको नेपाली नागरिकताको प्रतिलिपि सहित तपसिल बमोजिमको शर्त अनुसारको घरको मासिक वहाल रकम (कर समेत) को दर रेट पेश गर्नका लागि दोस्रो पटक यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

तपसिल

१. हाल स्वास्थ्य निर्देशनालय रहेको राप्ती गाँउपालिकाको वडा नं १ घर देखि २ (दुई) कि.मि. दुरी भित्र हुनुपर्ने छ ।
२. भवनमा चारपाङ्ग्रे सवारी साधन सहजै आवत -जावत गर्ने सक्ने पक्की २०(वीस) फुटे बाटोले छोएको हुनुपर्ने
३. भवन र त्यससँग जोडिएको स्थानमा ३ (तीन) वटा हलुका सवारी साधन र न्यूनतम २०(वीस) वटा मोटर साईकल तथा स्कुटर पार्किङ्ग स्थल हुनुपर्ने छ ।
४. स्वच्छ खानेपानी र न्यूनतम ३ (तीन) फेजको बिद्युत प्रशारण लाईन हुनु पर्ने छ।
५. वहालमा उपलब्ध गराउने घरमा कम्तीमा १७ (सत्र) कोठा वा सो भन्दा बढी र कोठा औषत साईज (१२*१२) फिटका उज्यालो तथा भेन्टिलेसन युक्त हुनु पर्ने छ ।
६. प्रत्येक तलमा न्यूनतम २ वटा शौचालय हुने गरी कम्ती ५/६ वटा शौचालय हुनुपर्ने छ ।
७. घर वहाल रकम लुम्बिनी प्रदेशको घरभाडा निर्धारण समितिको निर्णय अनुसार हुनेछ।
८. अन्य कुरा सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

२०८१/०७/२६

...........................
(रोशन लाल चौधरी)
नि.निर्देशक



Scanned with CamScanner